

# बाइबल र लुथरनले के सिकाउँछ





# बाइबल र लुथरनले के सिकाउँछ

# बाइबल र लुथरनले के सिकाउँछ

## हेरल्ड ए. एसमेन

लगभग ५०० वर्ष पहिले ईसाइ मण्डली झूटा शिक्षाले भ्रष्ट थिए । मार्टिन लुथर नामको एकजना व्यक्तिले मानिसहरुलाई बाइबलको शिक्षामा डोऱ्याइए । उहाँको कार्य र उहाँको साथीहरुको कार्यलाई सुधार भनिन्छ । परमेश्वरले लुथरद्वारा मण्डलीलाई सिद्धान्तको शुद्धतामा र ख्रीष्टमा विश्वासको नयाँ जीवनमा पुनस्थापना गर्नुभयो ।

लुथरन मण्डलीको सिद्धान्त नयाँ होइन । ती बाइबलका शिक्षा हुन । यसैले लुथरन मण्डली नयाँ मण्डली होइन ।

यो सम्प्रदाय होइन ।

यो यस्तो मण्डली हो जसको शिक्षाहरु पुरानो नियमका भविष्यवक्ता र प्रेरितहरु द्वारा लेखिएको नयाँ नियममा आधारित छन । बाइबलले हामीलाई येशू ख्रीष्टको बारेमा बताउँछ ।

लुथरन मण्डलीको शिक्षाहरु तिनै हुन जो प्रेरितहरुको मूल र पुरातन मण्डली र सुरुआतको समयका इसाई ख्रीष्टीयनहरुको शिक्षा थिए ।

यो पुस्तिकाले तपाईलाई बाइबल र लुथरनहरुले के सिकाउँछन भन्ने बारेमा जानकारी दिनेछ ।

बाइबल र लुरथनहरुले हामीलाई सिकाउँछन कि बाइबल परमेश्वरको सत्य वचन हो यो पवित्र आत्माद्वारा प्रेरित छ । यसको अर्थ परमेश्वरले लेखकहरुको हृदयमा तिनीहरुले लेख्नुपर्ने दुरुस्त शब्दहरु र बिचारहरु प्रश्वास गरिदिनुभयो । परिणम स्वरुप बाइबलका प्रत्येक कथनहरु सत्य छन । तिनमा कुनै त्रुटी छैन । बाइबलले नै बाइबबलको अनुवाद गर्दछ । बाइबल विश्वास र इसाई जीवनको लागि मार्ग निर्देशक हो । हामीले त्यसको सधैं अध्ययन गर्नुपर्छ । यसले प्रष्टरुपमा सिकाउँछ कि हामीले अनन्तको उद्धार प्राप्त गर्नको लागि यो जान्नु आवश्यक छ ।

**२ पत्रुस १:२१** किनकि मानिसको इच्छाबाट कुनै आगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसले परमेश्वरको तर्फबाट बोलेको हुन ।
**१ कोरिन्थी २:१३** जुन कुरा हामी प्रचार गर्छौं, ती कुरा मानिसहरुको बुद्धिले सिकाएका शब्दहरुमा होइन, तर पवित्र आत्माले सिकाउनु भए अनुसार हामी आत्मिक शब्दहरुमा आत्मिक सत्यताहरुको अर्थ खोल्दछौं ।
**२ तिमोथी ३:१६** सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो ।
**यूहन्ना १०:३५** धर्मशास्त्र भङ्ग हुन सक्दैन ।
**२ तिमोथी ३:१५** तिमी बाल्यकाल देखि पवित्र-शास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ ।
**लूका ११:२८** तर उहाँले भन्नुभयो, “बरु तिनीहरु धन्य हुन् जसले परमेश्वरको वचन सुन्छन् र पालन गर्छन ।
**यूहन्ना ५:३९** तिमीहरु धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाईन्छ भनी तिमीहरु ठान्छौ । मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्, ।

## त्रिएक परमेश्वर

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि साँचो परमेश्वर एकमात्र हुनुहुन्छ । उहाँ अदृश्य परमेश्वर पवित्र, अनन्त हुनुहुन्छ र उहाँमा सबै ज्ञान र सार्मथ छ । बाइबलमा परमेश्वर स्वयम् आफैलाई तीन व्यक्तिहरुमा देखाउनु हुन्छ, पिता, पुत्र, पवित्र आत्मा । यसैले उहाँलाई त्रिएक भनिन्छ । एउटै परमेश्वरमा यि तीन व्यक्तिहरु सबै एक परमेश्वर हुन र यिनी शक्ति, महिमा र हरेक गुणमा एकै समान छन । तिनमा कुनै एक व्यक्तिको इन्कार वा उपेक्षा गर्नु, ती सबैको इन्कार गर्नु हो । यो त्यही परमेश्वर हुनुहुन्छ जसले हामीलाई सृजनुभयो, छुटकारा गर्नु भयो र पवित्र पार्नुभयो ।

**व्यवस्था ६:४** हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ ।

**मत्ती २८:१९** यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।

**यूहन्ना ५:२३** ताकि सबैले पुत्रको आदर गरुन् जसरी तिनीहरुले पिताको आदर गर्दछन् । पुत्रका आदर नगर्नेले उसलाई पठाउनु हुने पिताको पनि आदर गर्दैन ।

**उत्पत्ति १:१** आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।

**१ यूहन्ना २:२** उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि ।

**रोमी १५:१३** आशाका परमेश्वरले तिमीहरुलाई बिश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदिऊन्, यस हेतुले कि पवित्रआत्माको शक्तिले तिमीहरु आशामा प्रशस्त हुनसक ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि पुरुष र स्त्री परमेश्वरको विशेष रचना हुन । पहिलो मानिस भूमिको माटोबाट बनाइयो र स्त्री पुरुषको करङबाट बनाइएकी हुन । तिनीहरु परमेश्वरको स्वरुपमा बनाइएका थिए अर्थात तिनीहरु पापरहित थिए र परमेश्वरको बारेमा सिद्ध ज्ञान थियो । जबआदम र हब्वाले पहिलो पटक पाप गरे तिनीहरुको त्यो स्वरुप नष्ट गरियो । मानिसहरुको आत्मा हुन्छ जो अरु सृष्टिसित हुँदैन् । मानिसलाई परमेश्वरको सबै सृष्टि माथि अधिकार दिइएको थियो । मानिसलाई यस जीवनमा कार्य गर्नको लागि पूर्ण स्वतन्त्रता छ । परमेश्वरको बचनद्वारा कार्य गरेर पवित्रआत्माले मात्र मानिसलाई परमेश्वरलाई प्रेम गर्न डोर्‍याउन सक्छ ।

**उत्पत्ति** २:७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए ।
**उत्पत्ति** २:२२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नु भएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिस कहाँ ल्याउनुभयो ।
**उत्पत्ति** १:२६ परमेश्वरले भन्नुभयो, “मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं । पालिने पशु र जमिनमा चलहल गर्ने सबै जन्तु माथि अधिकार गरुन् ।”
**एफिसी** ४:२४ परमेश्वरको स्वरुपमा साँचो धार्मिकता र पवित्रतामा सृष्टि भएको नयाँ स्वभावलाई धारण गर ।
**कलस्सी** ३:१० र नयाँ स्वभाव धारण गरेका छौ, जो आफ्नो सृष्टिकर्ताको रुप अनुसार ज्ञानमा नयाँ भइरहेका छ ।
**१ कोरिन्थी** २:१४ जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका ती कुराहरु ग्रहण गर्दैन । किनकि ती कुराहरु त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले त बुझ्न सक्दैन, किनकि ती कुराहरु आत्मिक रीतिले मात्र चिन्न सकिन्छ ।

## परमेश्वर पिता

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि परमेश्वर पिता त्रिएक परमेश्वर तीन व्यक्तित्वमा एक हुनुहुन्छ । परमेश्वर आत्मा हुनुहुन्छ । यसको अर्थ उहाँ देख्न सकिने हुनुहुन्न र एकैठाउँमा मात्र रहिरहने हुनुहुन्न । उहाँ पिता हुनुहुन्छ किनकि उहाँ येशू ख्रीष्टको पिता हुनुहुन्छ । अरु सबैको पनि जसले येशूमा विश्वास गर्छन । उहाँले सम्पूर्ण थोकको सृष्टि गर्नुभयो । उहाँ पवित्र, प्रेमिलो र न्यायी हुनुहुन्छ । उहाँ सम्पूर्ण सृष्टि र मानवको निरन्तर हेरचाह गर्नु हुन्छ ।

**मत्ती २८:१९** यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।

**यूहन्ना ४:२४** परमेश्वर आत्मा हुनुहुन्छ ।

**यूहन्ना २०:१७** येशूले तिनलाई भन्नुभयो, “मलाई नछोऊ किनभने म अहिले सम्म पिता कहाँ गएको छैन । मेरा पिता र तिमीहरुका परमेश्वर कहाँ गइरहेछु ।

**लेवी १९:२** परमप्रभुले मोशालाई भन्नुभयो, “सबै इस्राएली समूदायलाई भन, तिमीहरु पवित्र होओ, किनभने म, परमप्रभु तिमीहरुका परमेश्वर, पवित्र छु ।

**मलाकी २:१०** हामी एउटै पिता हुनुहुन्न र ? के एउटै परमेश्वरले हामीलाई सृष्टि गर्नु भएको होइन र ?

**प्रस्थान ३४:६,७** त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषण गर्नुभयो, “परमप्रभु, परमप्रभु टिठयाउनमा भरिपूर्ण र दयालु परमेश्वर जो क्रोध गर्नमा ढीलो र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ । उहाँले हजारौ हजारमाथि कृपा देखाउनु हुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ । तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ । पिता पुर्खाका दुष्टताको दण्ड तिनीहरुका छोरा छोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्ता सम्म दिनुहुन्छ ।

**रोमी ८:३२** जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नु भएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनु हुनेछैन र ?

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि आदिमा परमेश्वरले आकाश र पृथ्वी साथै सम्पूर्ण जीव जन्तुहरुको सृष्टि गर्नुभयो । उहाँले यी छ दिनमा बनाउनुभयो । ती सबै कुरा बनाउनलाई उहाँले शक्तिशाली वचन बोल्नुभयो । उहाँले कुनै थोक नभएको बाट सबै थोक बनाउनुभयो । तर पुरुष र स्त्री उहाँको विशेष सृष्टि हुन ।

**उत्पत्ति १:१** आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो ।

**उत्पत्ति १:३१** आफूले बनाउनु भएको हरेक कुरा परमेश्वरले हेर्नुभयो । र त्यो साह्रै राम्रो थियो । साँझ पऱ्यो र बिहान भयो छैटौं दिन ।

**प्रस्थान २०:११** छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातै दिनमा चाहिँ विश्राम गर्नुभयो ।

**भजनसंग्रह ३३:६,९** परमप्रभुको वचनले आकाशहरु निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरु । किनकि उहाँका मुखको वचनले सारा सृष्टि रचियो, उहाँले आज्ञा गर्नुभयो, र त्यो स्थिर रहयो ।

**भजनसंग्रह १२४:८** हाम्रो गोहार स्वर्ग र पृथ्वी सृजना गर्नु हुने परमप्रभुको नाउँमा छ ।

**मर्कूस १०:६** तर सृष्टिको आरम्भ देखि परमेश्वरले तिनीहरुलाई नर र नारी गरी बनाउनुभयो ।

**हिब्रू ११:३** विश्वासद्वारा हामी बुझ्दछौ कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो ।

## परमेश्वरको व्यवस्था

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि संसारको शुरुवातको समयमा परमेश्वरले आफ्नो व्यवस्था मानिसको हृदयमा राख्नु भएको छ । हाम्रो अन्तस्करणले व्यवस्थाको गवाही दिन्छ व्यवस्थाको ज्ञान मानिसहरुको हृदयको पापद्वारा धमिलो भएको थियो । परमेश्वरले मानिसहरुलाई दश आज्ञामा व्यवस्था दोहऱ्याउनुभयो । परमेश्वरको व्यवस्थाले हामीसँग, हाम्रो विचार वचन र कार्यमा आज्ञाकारिताको माग गर्छ । व्यवस्थाले ती सबैलाई दोषी ठहऱ्याउँछ जसले पाप गरेको छ । व्यवस्था पालन गरेर कोहि पनि बचाइन सक्दैन । व्यवस्थाले हामीलाई हाम्रो पाप अवगत गराउँछ, पापको विरुद्धमा भएको परमेश्वरको क्रोधको बारेमा हामीलाई चेतावनी दिन्छ र हाम्रो ईसाइ जीवनमा हाम्रो मार्ग दर्शन गर्दछ ।

**व्यवस्था १०:४** अनि परमप्रभुले सभाको दिनमा पर्वतमा अग्निको बीचबाट तिमीहरुलाई दिनुभएका दश आज्ञा पहिले झैं ती पाटीमा लेखेर परमप्रभुले मलाई दिनुभयो ।
**मत्ती ५:४८** यसकारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।
**यूहन्ना १:१७** किनभने व्यवस्था मोशाद्वारा दिइयो, अनुग्रह र सत्यता चाहिँ येशू ख्रीष्टद्वारा आए ।
**रोमी ७:७** हामीले के भन्ने त ? व्यवस्था पाप हो ? कदापि होइन ! यदि व्यवस्था नभए मैले पाप थाहा पाउने थिइन, किनकि "तैले लोभ नगर्" भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउने थिइन ।
**रोमी ३:२२,२३** येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ । किनभने केही भेद छैन, किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमा सम्म पुग्नबाट चुकेका छन ।
**रोमी ३:२०** यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।
**याकूब २:१०** किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ ।
**भजनसंग्रह ११९:९** जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ ? तपाईका वचन अनुसारको जीवन बिताएर नै हो ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि पहिलो पुरुष र स्त्रीले परमेश्वरको स्वरुपलाई गुमाए जब तिनीहरुले शैतानलाई परीक्षा गर्न दिए र परमेश्वरको आज्ञा उल्लङ्घन गरे । यसले तिनीहरुमा परमेश्वरको न्याय ल्यायो । त्यस समय देखि सम्पूर्ण मानिसहरुले पापमा गर्भधारण गरेर र पापमा जन्मिए, दुष्टकर्म गर्ने इच्छा गरे, र आत्मिक रुपमा मरेका छन त्यसकारण, हामी आफै परमेश्वरसँग हाम्रो आफ्नो प्रयासहरु र कार्यहरुद्वारा मिलाप गर्न असक्षम छौ ।

**उत्पत्ति २:१७** तर असल र खराबको ज्ञान दिने रुखको फल चाहिँ नखानू, किनभने जुन दिन तैले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।

**भजनसंग्रह ५१:५** साँच्चै, म जन्मँदा नै पापी थिए, र मेरी आमाले मलाई गर्भधारण गरे देखि नै म पापी थिए ।

**एफिसी २:१** तिमीहरु आफ्ना अपराध र पापहरुद्वारा मरेको बेलामा उहाँले तिमीहरुलाई जीवित पार्नुभयो ।

**यूहन्ना ३:६** शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो ।

**भजनसंग्रह ५:४** तपाई दुष्टतामा प्रसन्न हुने परमेश्वर हुनुहुन्न । खराबी तपाईमा वास गर्न सक्दैन ।

**रोमी ५:१२** एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।

**१ यूहन्ना ३:४** पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ । पाप नै व्यवस्था भङ्ग हो ।

**रोमी ८:७, ८** किनभने पापमय शरीरतिर लागेको मन चाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, नता त्यो कहिल्यै हुन सक्छ । पाप-स्वभावको वशमा हुनेहरुले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन् ।

## सु-समाचार

बाइबल र लुथरनहरुले हामीलाई सु-समाचारको बारे सिकाउँछन । सुसमाचारको सन्देश असल समाचार हो, कि प्रेमी परमेश्वरले सम्पूर्ण मानिसहरुका पाप उठाई लैजान येशू ख्रीष्टलाई पठाउनुभयो । यो सुसमाचारले येशूमा पाइएको धार्मिकताको बारेमा सबै पापीहरुलाई सित्तैमा भन्दछ । परमेश्वरले सुसमाचारको प्रतिज्ञामा विश्वास गर्ने सबैलाई उद्धार र अनन्त जीवन दिनुहुन्छ ।

**यूहन्ना १:१७** किनभने व्यवस्था मोशाद्वारा दिइयो, अनुग्रह र सत्यता चाहिँ येशू ख्रीष्टद्वारा आए ।

**रोमी १:१६** किनकि सुसमाचारसँग म शर्माउँदिन । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुका निम्ति र अन्यजातिहरुका निम्ति पनि ।

**यूहन्ना ३:१६** किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।

**कलस्सी २:१३** तिमीहरु आफ्ना अपराध र शरीर अनुसार बेखतनामा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो ।

**लूका २:१०,११** तब स्वर्गदूतले तिनीहरुलाई भने,“नडराओ, किनभने हेर, म तिमीहरुलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरुका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरुका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ ।

**इजकिएल ३३:११** यसैले तिनीहरुलाई भन्, ‘जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, दुष्टहरुको मृत्युमा म खुशी हुन्न, तर तिनीहरुले आफ्नो चाल त्यागेर बाँचून् भनी म चाहन्छु । आफ्नो दुष्ट चाल त्याग ! हे इस्राएलका घराना हो, तिमीहरु किन मर्छौ ?’

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि येशू खीष्ट जो प्रत्येकको उद्धारकर्ता हुनुहुन्छ, परमेश्वरका अनन्त पुत्र हुनुहुन्छ र पिता र पवित्र आत्मा समान हुनुहुन्छ । उहाँ कन्या मरियमका पुत्र हुनुहुन्छ, र सबै मानिसहरुको उद्धार गर्न मानव हुनुभयो । हाम्रो सट्टामा उहाँले व्यवस्था पालन गरेर हाम्रो लागि सिद्ध जीवन जिउनुभयो । उहाँ हाम्रो प्रतिस्थापकको रुपमा सबैका पापहरुको मोल तिर्न मर्नुभयो । मृतकबाट जीवित भए पछि, उहाँ स्वर्गतिर उचालिनुभयो । अन्त्यको दिनमा उहाँ सबै मानिसहरु जो जीवितै रहनेछन र जसलाई उहाँले मृत्युबाट बौरी उठाउनु हुनेछ तिनीहरुको न्याय गर्नुहुनेछ ।

**१ यूहन्ना ५:२०** किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैले गरिरहनु भएका सबै काम पुत्रलाई देखाउनुहुन्छ । यी भन्दा महान काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र तिमीहरु आश्चर्यचकित हुनेछौ ।

**मत्ती १:२३** “हेर, एउटा कन्याले गर्भधारण गर्नेछे, र त्यसले एउटा पुत्र जन्मानेछे, र उहाँको नाउँ इम्मानुएल राखिनेछ,” जसको अर्थ हो, “परमेश्वर हामीहरुसँग ।”

**एफिसी १:७** उहाँको अपार अनुग्रह अनुसार खीष्टको रगतद्वारा हामी उहाँमा उद्धार हाम्रा पापको क्षमा, पाउँछौ ।

**गलाती ३:१३** हाम्रा निम्ति सराप बनेर खीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि “काठमा झुण्डिने हरेक श्रापित हुन्छ” भन्ने लेखिएको छ ।

**हिब्रू ४:१५** किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न । तर हामी जस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो ।

**रोमी १:४** ग्रीक होस् वा अरु असभ्य जाति, बुद्धिमान होस् वा निर्बुद्धि, सबैको म ऋणी छु ।

**प्रेरित १०:४२** उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरुका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ ।

## छुटकाराको मोल

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि येशू, परमेश्वर र मानव दुवै हुनुहुन्थ्यो मानवको रुपमा विनम्र भएर क्रूसमा मर्नुभयो । पापको न्यायबाट, मृत्युको डरबाट, शैतानको शक्तिबाट छुटकारा दिन उहाँले यो गर्नुभयो । उहाँले व्यवस्था सिद्ध रुपमा पूरा गर्नुभयो । हाम्रा सबै पापको दोष आफैमा लिनुभयो । उहाँले क्रुसमा आफ्नो जीवनको बलीदान दिएर हामीलाई छुटकाराको मोल तिरेर किन्नु भयो । परमेश्वरले हाम्रो पापको मृत्युको रुपमा येशूको मृत्युलाई हेर्नुहुन्छ । येशूको पुनरुत्थान, येशूले सबै मानिसको पापको मोल तिर्नको लागि जे गर्नुभयो त्यसलाई परमेश्वरले स्वीकार गर्नुभएको छ भन्ने प्रमाण हो ।

**मत्ती ५:१७** व्यवस्था अथवा अगमवक्ताहरुलाई रद्द गर्न म आएको भन्ने नसम्झ । म ती रद्द गर्न होइन, तर पूरा गर्न आए ।

**रोमी ५:१९** किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसै गरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन ।

**यशैया ५३:६** हामी सबै भेडा झैं बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौ, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनु भएको छ ।

**मत्ती २०:२८** जसरी मानिसको पुत्र पनि सेवा पाउनलाई होइन तर सेवा गर्न र धेरैको छुटकाराको मोल स्वरुप आफ्नो प्राण दिन आयो ।

**२ कोरिन्थी ५:२१** किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो ।

**एफिसी १:७** उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौ ।

**२ तिमोथी १:१०** व्यभिचारीहरुका निम्ति, पुरुषगामीहरुका निम्ति, अपहरणकारीहरुका निम्ति, झूटा बोल्नेहरुका निम्ति, झूटा गवाही दिनेहरुका निम्ति, र सत्य सिद्धान्तका विरुद्धमा भएका अरु कुनै कुराहरुका निम्ति हो ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि जब येशू ख्रीष्ट हाम्रो लागि क्रूसमा बलिदान हुनुभयो, परमेश्वरले सबै पापीहरुलाई उहाँको दृष्टिमा धर्मी ठहऱ्याउनुहुन्छ, । परमेश्वरले सबैलाई हाम्रा पापको दण्ड र ऋणबाट स्वतन्त्र भएको घोषणा गर्नुभयो । पापीहरुले यो क्षमाको सित्तैको वरदान उनीहरुको असल कर्मबाट होइन तर विश्वासद्वारा प्राप्त गर्दछन् । एउटा व्यक्ति जब ख्रीष्टमा र उहाँको छुटकाराको कार्यमा विश्वास गर्दछ अनि धर्मी ठहरिन्छ । यो परमेश्वरबाटको वरदान हो ।

**एफिसी २:८,९** किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ- र यो तिमीहरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो- कर्महरुद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।

**२ कोरिन्थी ५:१९** अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो ।

**रोमी ३:२२-२४** येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ । किनभने केही भेद छैन, किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमा सम्म पुग्नबाट चुकेका छन । परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैंमा धर्मी ठहरिएका छन् ।

**रोमी ३:२८** यसकारण व्यवस्थाका कर्महरुको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं ।

**रोमी ४:५** जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्दछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ ।

**मर्कूस १६:१६** विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।

## पवित्र आत्मा

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि पवित्र आत्मा साँचो परमेश्वर हुनुहुन्छ र उहाँ परमेश्वर पिता र परमेश्वर पुत्र सँग समान हुनुहुन्छ । पवित्र आत्मासँग नाम र विशेषताहरु छन् जुन परमेश्वरसँग मात्र सम्बन्धित छन । सुसमाचारद्वारा पवित्र आत्माले हाम्रो हृदयमा विश्वास सृजना गर्नु हुन्छ । उहाँले हामीलाई विश्वासमा पनि राख्नुहुन्छ र असल कार्य गर्न हामीलाई प्रेरणा दिनुहुन्छ ।

**प्रेरित ५:३,४** तर पत्रुसले भने, "ए हननिया, पवित्र आत्मासँग झूट बोल्ने र जमीनको बिक्रीको मोलबाट केही हिस्सा आफूसँग राख्ने कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो ? … तिमीले मानिसहरुलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ ।

**२ कोरिन्थी १३:१४** प्रभु येशूख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको संगती तिमीहरु सबै संग रहोस ।

**भजनसंग्रह १३९:७,८** तपाईका आत्माबाट म कहाँ अलग्ग जान सक्छु ? अथवा तपाईको उपस्थितिबाट म कहाँ भाग्न सक्छु ? म आकाशमा गए भने, तपाई त्यहाँ हुनुहुन्छ, गहिराइमा आफ्नो ओछ्यान बनाए भने, त्यहाँ पनि तपाई हुनुहुन्छ ।

**अय्यूब ३३:४** किनभने परमेश्वरका आत्माले मलाई सृजनुभयो, र सर्वशक्तिमानको सासले मलाई जीवन दिन्छ ।

**तीतस ३:५** तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।

**एफिसी ३:१६** म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पति अनुसारको शक्तिले उहाँका आत्मा द्वारा भित्री मनुष्यत्वमा तिमीहरुलाई शक्तिशाली पारुन ।

**गलाती ५:२४,२५** तर तिनीहरु, जो ख्रीष्ट येशूका हुन्, तिनीहरुले पाप-स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन् । हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिंडौं ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि पवित्र आत्माले हाम्रो हृदयलाई प्रभु येशूलाई उद्धारकर्ताको रुपमा ग्रहण गर्न र विश्वास गर्न लगाउनुहुन्छ । पवित्र आत्माले परमेश्वरको वचनको सुसमाचारको स्रोतद्वारा र बचनद्वारा र बिधिहरुद्वारा विश्वासलाई कायम राख्दछ । त्यसकारणले हामी विश्वास गर्छौं, कि हाम्रो परिवर्तनको कार्य हाम्रो कार्य होइन यो पूर्णतया: परमेश्वरको अनुग्रहको काम हो । सुसमाचारको इन्कार गर्नु जे भए पनि पूर्णतया हाम्रो दोष हो ।

**१ कोरिन्थी ६:११** तिमीहरु कोही यस्तै थियौं, तर तिमीहरु धोइयौ, पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा निर्दोष ठहराइयौ ।

**यूहन्ना १७:१७** तिनीहरुलाई सत्यतामा पवित्र पारिदिनुहोस्, तपाईको वचन सत्य हो ।

**२ थेसलोनिकी २:१३,१४** प्रभुले प्रेम गर्नुभएका भाइहरु, तिमीहरुका निम्ति हामी परमेश्वरमा सधैं धन्यवाद चढाउन बाध्य छौं, किनकि शुरुदेखि नै पवित्र आत्माको पवित्र तुल्याउने कामद्वारा र सत्यतामाथिको विश्वासद्वारा बाँच्नलाई परमेश्वरले तिमीहरुलाई चुन्नुभयो । यसैको निम्ति हाम्रो सुसमाचारद्वारा हाम्रा प्रभु येशू ख्रीष्टको महिमा प्राप्त गर्न उहाँले तिमीहरुलाई बोलाउनुभयो ।

**रोमी १०:१७** जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।

**प्रेरित २:३८** पत्रुसले तिनीहरुलाई भने, "पश्चात्ताप गर, र तिमीहरुका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ ।

**प्रेरित १५:३** मण्डलीका सदस्यहरुले तिनीहरुलाई त्यहाँ बाट बिदा दिए । तिनीहरु फोनिके र सामरियाबाट भएर जाँदा अन्यजातिहरुले प्रभुलाई ग्रहण गरेको कुरा तिनीहरुलाई सविस्तार सुनाए । यस खबरले त्यहाँका भाइहरु अत्यन्तै आनन्दित भए ।

**प्रेरित ७:५१** "हे हठी मानिसहरु हो, कठोर हृदय र बहिरा कान भएका हो, तपाईहरु सधैं पवित्र आत्माको विरोध गर्नुहुन्छ । तपाईहरुका पुर्खाले जस्तो गरे तपाईहरु पनि त्यस्तै गर्नुहुन्छ ।

## अनुग्रहद्वारा बचाइएको

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि संसारको सृष्टि भन्दा पहिले परमेश्वरले उनीहरुलाई प्रत्येकलाई चुन्नु भएको थियो, जसलाई सुसमाचारद्वारा परिवर्तन गर्ने र अनन्त जीवनको लागि विश्वासमा दृढ बनाईन्छ । यो परमेश्वरले छनौट गर्नुहुने मानिसको योग्यता र गुणहरुको कारणले हुदैन । यसले हामीलाई देखाउँछ कि हाम्रो उद्धार पूर्ण रुपमा परमेश्वरको अनुग्रहमा मात्र छ । अनुग्रह त्यो प्रेम र दया हो, जसको लागि हामी योग्य छैनौ । परमेश्वरले त्यो प्रेम र दयालाई प्रभु येशू ख्रीष्टद्वारा, मानव जातिमा प्रकट गर्नुभयो ।

**एफिसी १:४-६** उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्ति भन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो । यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस ।

**रोमी ११:५,६** यसै गरी यस वर्तमान समयमा पनि अनुग्रहद्वारा चुनिएकाहरुको एक बाँकी भाग छ । तर अनुग्रहबाट हो भने यो कर्मको आधारमा होइन, नत्रता अनुग्रह अझ अनुग्रह नै रहनेथिएन ।

**प्रेरित १५:११** तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौ, जसरी तिनीहरुले पनि पाएका छन् ।

**रोमी ५:१५** सित्तैको वरदान र त्यस अपराधमा केही समानता छैन । किनकि एउटा मानिसको अपराधले गर्दा धेरै मरे भनेता झन बढी परमेश्वरको अनुग्रह र एउटा मानिसको, अर्थात् येशू ख्रीष्टद्वारा आएको सित्तैंको वरदान धेरैका निम्ति प्रशस्त भयो ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि पश्चात्ताप गर्ने पापीद्वारा येशू ख्रीष्टलाई उद्धारकर्ताको रुपमा ग्रहण गर्नु र आफ्नो पापको सम्पूर्ण क्षमा र उद्धारको लागि उहाँमाथि पूरा भरोसा राख्नु नै विश्वास हो । यो विश्वास केही व्यक्तिगत उपलब्धि वा मानवीय कार्य होइन । पवित्र आत्माले विश्वास सृजना गर्नुहुन्छ । जुन मानिस आफ्नो जीवनको अन्त सम्म यो विश्वासमा बनिरहन्छ ऊ अनन्त जीवनको लागि बचाईनेछ । विश्वास विना उद्धार असम्भव छ ।

**यूहन्ना १:१२** तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो ।
**प्रेरित १०:४३** सबै अगमवक्ताहरुले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ ।
**गलाती २:१६** र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ । यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौ, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकि व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिदैन ।
**प्रेरित १६:३०,३१** तिनीहरुलाई बाहिर ल्याएर उनले भने, “उद्धार पाउनलाई मैले के गर्नु पर्छ ?” अनि तिनीहरुले भने, “प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस्, र तपाईले उद्धार पाउनुहुनेछ- तपाई र तपाईका परिवारले ।
**यूहन्ना ३:३६** जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । जसले पुत्रको आज्ञा पालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ ।
**मत्ती २४:१३** तर आखिरसम्म स्थिर रहनेचाहिँ बचाइनेछ ।

**पश्चात्ताप**

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि पश्चात्ताप पापलाई थाहा गर्नु र पापको लागि इमानदारी पूर्वक दुखित हुनु हो । पश्चातापी पापीले यो पनि भरोरसा गर्दछ कि प्रभु येशूको कारणले परमेश्वरले हाम्रो पापको क्षमा गर्नुहुनेछ । पश्चाताप हृदयको त्यो अवस्था हो जसको बिनाकसैले पनि बचाईने आशा गर्न सक्दैन । साँचो पश्चात्ताप गर्ने हरेक सँग परमेश्वरको सित्तैको पूर्ण क्षमाको निश्चयता छ, त्यसकारण तिनीहरु आफ्नो पाप पूर्ण जीवन सुधार गर्ने कोशिश गर्छन । र परमेश्वरमा पवित्र जीवन जिउँछन ।

**यशैया ५५:६,७** जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहाँलाई खोज । उहाँ नजिक हुनुहुँदा नै उहाँलाई भेट । दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस्, र परमप्रभुतिर फर्कोस्, र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस्, र उहाँले त्यसलाई सित्तैंमा क्षमा गर्नुहुनेछ ।

**मर्कूस १:१५** उहाँले भन्नुभयो, "समय पूरा भएको छ, र परमेश्वरको राज्य नजीक आइपुगेको छ । पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर ।"

**मत्ती ४:१७** त्यस बेलादेखि प्रचार गर्दै येशूले भन्न लाग्नुभयो, "पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजीक आइपुगेको छ ।"

**२ कोरिन्थी ७:१०** किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र त्यसमा पछितो हुँदैन, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ ।

**लूका १८:१३,१४** "तर कर उठाउने चाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिटयो, 'हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस् !' "म तिमीहरुलाई भन्दछु, यो चाहिँ मानिस त्यस अर्का भन्दा धर्मी ठहरिएर आफ्नो घरतिर लाग्यो । किनभने हरेक जसले आफूलाई उच्च पार्दछ, त्यो होच्याइनेछ, तर जसले आफूलाई होच्याउँछ, त्यो उच्च पारिनेछ ।"

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि येशू ख्रीष्टमा भएको विश्वास, जीवित र सक्रिय छ । यसकारण विश्वासले असल कार्य उत्पन्न गर्दछ, जसले परमेश्वरलाई प्रसन्न तुल्याउँछ । सत्य विश्वास, जो परमेश्वरको वचनद्वारा स्याहार गरिएको छ, परमेश्वरको पवित्र इच्छालाई पूरा गर्नमा आनन्दित हुन्छ । जे भए पनि यो पापपूर्ण संसारमा ईसाइहरुको असल कार्य पनि दोष रहित छैनन । हामी यो जीवनमा परिपूर्णता कहिले पनि प्राप्त गर्न सक्दैनौ । येशूको कारण, परिपूर्ण नभएका प्रयास पनि स्वर्गमा परमेश्वरद्वारा अनुग्रह साथ ग्रहण गरिन्छन् ।

**याकूब २:१७** यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो ।
**हिब्रू ११:६** विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजीक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।
**रोमी ७:१९** किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिन, तर दुष्ट काम, जो म गर्न चाहन्न, त्यही म गर्ने गर्छु ।
**यशैया ६४:६** हामी सबै अशुद्ध मानिसझैं भएका छौं, र हाम्रा सबै धार्मिक काम फोहोर झुत्राझैं छन् । हामी सबै पातझैं ओइलाइहाल्छौं, र हाम्रा पापले हामीलाई बतासले झै उडाइलैजान्छन् ।
**२ कोरिन्थी ७:१** यसकारण हे प्रिय हो, हामीसित यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं, र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढाउँदैजाऔं ।
**गलाती ५:६** ख्रीष्ट येशूमा नता खतना केही मूल्यको न बेखतना केही मूल्यको हुन्छ । तर एउटै कुराको मात्र मूल्य छ, अनि त्यो हो- प्रेमद्वारा काम गर्ने विश्वास ।
**१ थेसलोनिकी** ४:३ किनकि परमेश्वरको इच्छा जो तिमीहरुको पवित्रकरण पनि हो, सो यो हो कि तिमीहरु व्यभिचारबाट अलग बस ।
**एफिसी** २:१० किनकि हामी असल कामहरुका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौ । हामी ती बमोजिम हिंडौ भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो ।

## प्रार्थना

बाइबल र लुथरनहरुले सिकाउँछन कि विश्वसीले प्रार्थना गर्छन । प्रभु येशूको नाउँमा, आफ्नो उद्धारमा भरोसा राख्दै एउटा विश्वासीले आत्मविश्वासका साथ परमेश्वरसँग कुराकानी गर्छ । हाम्रो आवश्यकताहरु परमेश्वरको सामू दर्शाउँछौ, उहाँलाई प्रशंसा, धन्यवाद दिँदै अथवा अरुको लागि प्रार्थना गर्छौं । पार्थना उद्धार कमाउने बाटो होइन । इसाईहरुले प्रार्थना गर्छन किनकि परमेश्वरले हामीलाई प्रार्थना गर्न आज्ञा गर्नुभएको छ र हाम्रो प्रार्थनाको उत्तर दिने प्रतिज्ञा गर्नु भएको छ । कहिले काँही उहाँले हुन्छ भनेर उत्तर दिनुहुन्छ कहिले काँही हुन्न भनेर उत्तर दिनुहुन्छ । कहिले काँही परमेश्वरले हाम्रो प्रार्थनाको उत्तर दिनलाई ठीक समय नआउञ्जेल सम्म पर्खनु हुन्छ ।

**भजनसंग्रह १९:१४** हे परमप्रभु, मेरा चट्टान र मेरा उद्धारक, मेरो मुखका शब्द र हृदयका ध्यान तपाईको दृष्टिमा ग्रहण योग्य होऊन् ।

**भजनसंग्रह ५०:१५** र सङ्कष्टको दिनमा मलाई पुकार र म तँलाई छुटाउनेछु, र तैले मेरो महिमा गर्नेछस ।

**मत्ती ७:७** “माग त तिमीहरुलाई दिइनेछ, खोज त तिमीहरुले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरुका निम्ति उघारिनेछ ।

**मत्ती २१:२२** विश्वास गरेर प्रार्थनामा जे माग्छौ त्यो तिमीहरुले पाउनेछौ ।

**यूहन्ना १६:२३** त्यो दिन तिमीहरुले मलाई केही सोध्नेछैनौ साँच्चै म तिमीहरुलाई भन्दछु, तिमीहरुले मेरो नाउँमा पितासँग जे माग्छौ, त्यो तिमीहरुलाई दिनुहुनेछ ।

**१ तिमोथी** २:१ सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरुका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ- बिन्ती र धन्यवाद चढाइऊन ।

**१ थेस्लोनिकी ५:१७** निरन्तर पार्थना गरिरहो ।

**एफिसी ६:१८** सारा प्रार्थना र निवेदन साथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उदेश्यले लगनशील र सर्तक भएर सबै सन्तहरुका निम्ति प्रार्थना गरिरहो ।

**१ तिमोथी** २:८ यसकारण सबै ठाउँमा पुरुषहरुको पवित्र हात उठाएर विना क्रोध र विना विवाद प्रार्थना गरुन् भन्ने म चाहन्छु ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि त्यहा एउटा  एक पवित्र ईसाइ मण्डली छ, यो तिनीहरुले बनेको छ जो येशूमा विश्वास गर्दछन । विश्वास हृदयको कुरा हो यो अदृष्य छ । को सित विश्वास छ भन्ने परमेश्वर मात्र जान्नुहुन्छ र यसकारण पवित्र इसाई मण्डलीको सदस्य हुन्छ ।  यो अदृश्य मण्डली हरेक ठाउँमा भेटाउन सकिन्छ जहाँ सुसमाचार प्रचार गरिएको छ । हामी तिमानिसहरुको समुहलाई दृश्य मण्डली भन्दछौ जो परमेश्वरको बचन सुन्नलाई एकसाथ भेला हुन्छन् । दुर्भाग्यवश मानिसहरुको पापी स्वभावको कारण, यस्ता मण्डली भित्र धेरै पाखण्डी र गलत शिक्षाहरुको प्रचार गर्ने व्यक्तिहरु पनि विद्यमान छन् । धार्मिक संगठनहरुले उनीहरुले मात्र  संगती गर्नु पर्दछ जुनहरु परमेश्वरको वचन अनुसार हिँडछन ।

**२ तिमोथी २:१९** तर परमेश्वरको दृढ जग खडै रहन्छ, र त्यसमा यो छाप लागेको छ, "प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ," र "प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढै रहोस् ।"

**यूहन्ना १८:३६** येशूले जावफ दिनुभयो, "मेरो राज्य यस संसारको होइन । मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरु मेरो निम्ति लड्नेथिए, र म यहूदीहरुका हातमा पर्नेथिइन । तर मेरो राज्य यस संसारको होइन ।"

**यूहन्ना ८:३१,३२** येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरुलाई भन्नुभयो, "तिमीहरु मेरो वचनमा रहयौ भने तिमीहरु साँच्चै मेरा चेला हौ । तब तिमीहरुले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ ।"

**यशैया ५५:१०,११** जसरी वृष्टि र हिँउ आकाशबाट झर्छ र त्यतैतिर फर्केर जाँदैन, तर जमीनलाई भिजाएर बाली उर्माछ, र छर्नेलाई बीउ र खानेलाई भोजन दिन्छ, त्यसरी नै मेरो मुखबाट निस्कने मेरो वचन पनि हुनेछ । त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ ।

**१ कोरिन्थी १:२** कोरिन्थमा भएका परमेश्वरको मण्डलीलाई जो ख्रीष्ट येशूमा पवित्र भएको छ, र तिनीहरुका साथसाथै हरेक स्थानमा सन्त हुनलाई बोलाइएकाहरु सबैलाई, जुनहरुले प्रभु येशू ख्रीष्टका नाउँको पुकार गर्दछन्, जो तिनीहरु र हाम्रा प्रभु हुनुहुन्छ :

**रोमी १६:१७** भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फूट र बाधा-विघन सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस ।

## बप्तिस्मा

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि बप्तिस्मा एक पवित्र कार्य हो । जो परमेश्वरले स्थापना गर्नुभयो । जुन पानी र परमेश्वरको वचनको प्रयोग द्वारा यसले पापको क्षमा, आत्मिक जीवन र अनन्त उद्धार को निश्चयता दिन्छ । यो जवान र वृद्ध, बालक सबैको लागि हो । सानाहरु पनि पापी हुँन्छन, त्यसकारण उनीहरुलाई पनि बप्तिस्माद्वारा आत्मिक नयाँ जन्मको आवश्यकता छ ।

**मत्ती २८:१९** यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ ।

**यूहन्ना ३:५,६** येशूले जवाफ दिनुभयो, “साँच्चै म तिमीहरुलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन । शरीरबाट जन्मेको शरीर हो, पवित्र आत्माबाट जन्मेको आत्मा हो ।

**तीतस ३:५** तब हामी आफैले धार्मिकतामा गरेका कामबाट होइन, तर उहाँको आफ्नै कृपाअनुसार पुनर्जीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।

**मर्कूस १०:१४** तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरुलाई भन्नुभयो, “साना बाल-बालिकाहरुलाई मकहाँ आउन देओ, तिनीहरुलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरुको हो ।

**प्रेरित २२:१६** अब किन पर्खनुहुन्छ ? उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस् ।

**मर्कूस १६:१६** विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि प्रभुभोज एक पवित्र कार्य हो जो ख्रीष्टद्वारा स्थापना गर्नुभयो । रोटी र दाखरसको साथै हामी येशूको शरीर र रगतलाई ग्रहण गर्दछौ । यस बिशेष भोजद्वारा प्रभु येशू बिश्वास गर्ने सबैको पापहरु क्षमा गर्नुहुन्छ, हाम्रो विश्वासलाई बलियो पार्नुहुन्छ र अनन्त मुक्ति दिनुहुन्छ । ति मानिसहरु मात्र जसले पश्चात्ताप गरेका छन र ईसाइ विश्वासमा साँचो शिक्षा प्राप्त गरेको हुन्छ । त्यसले मात्र धार्मिक बिधिमा माग लिन पाउँदछ ।

**मत्ती २६:२६-२८** तिनीहरुले भोज खाइरहेको बेला येशूले रोटी लिनुभयो र आर्शीवाद दिनु भएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरुलाई दिनुभयो र भन्नुभयो, “लेओ, खाओ, यो मेरो शरीर हो ।” तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो, “तिमीहरु सबैले यसबाट पिओ । किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ ।

**१ कोरिन्थी १०:१६** जुन आशिषका कचौराको निम्ति हामी आशिष माग्छौ, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन र ? र त्यो रोटी, जो हामी भाँच्छौ, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन र ?

**१ कोरिन्थी ११:२७,२८** यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ । हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस् र कचौराबाट पिओस् ।

**१ कोरिन्थी १०:१७** रोटी एउटै हो, यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौ, किनकि हामी सबै एउटै बाट खान्छौं ।

## स्वर्गदूतहरु र स्वर्ग

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि स्वर्गमा रहनुको मतलब परमेश्वरको उपस्थितिमा रहनु हो । पवित्र स्वर्गदूतहरु, जो परमेश्वरको सन्देश वाहक हुन अनि तिनी बिश्वासी हरुको आत्मा सितै स्वर्गमा छन जो बिश्वास गरेर मृत्यु भएका छन । न्यायको दिन सबै मृतकहरु उठनेछन । तब सबै विश्वासीहरुको आत्मा महिमित शरीरमा मिल्नेछ र स्वर्गमा अनन्त सम्म रहनेछ । यो अनन्त आनन्दको ठाउँ हो, किनकि जहाँ आँसु र दु:खको हुनेछैन ।

**उपदेशक १२:७** जमीनबाट आएको धूलो जमिनमै फर्कन अघि तथा आत्मा दिनु हुने परमेश्वर कहाँ आत्मा जान अघि उहाँको नै सम्झना गर ।

**हिब्रू १:१४** के ती सबै स्वर्गदूतहरु मुक्ति पाउनेहरुका खातिर सेवा गर्नलाई पठाएका सेवा गर्ने आत्माहरु होइन ?

**फिलिप्पी ३:२१** उहाँले जुन शक्तिद्वारा सबै कुरालाई उहाँको अधीनमा ल्याउन सक्नुहुन्छ, हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीर जस्तै हुनलाई परिवर्तन गरिदिनु हुनेछ ।

**१ कोरिन्थी १५:५२** एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा । किनभने, तुरही बज्नेछ, र मृतकहरु अविनाशी भएर जीवित हुनेछन् । अनि हाम्रो चाहिँ परिवर्तन हुनेछन ।

**प्रकाश २१:४** उहाँले तिनीहरुका आँखाको आँसु पूर्णरुपले पुछि दिनुहुन्छ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरु बिति सकेका छन ।

**भजनसंग्रह १६:११** तपाईले मलाई जीवनको मार्ग बताउनु भएको छ । तपाईको उपस्थितिद्वारा तपाईले आनन्दले मलाई गद्‌गद् पार्नुहुनेछ । तपाईको दाहिने बाहुलीमा अनन्त आनन्द छ ।

**प्रकाश २२:२०** यी कुराको गवाही दिनले भन्नुहुन्छ, “निश्चय, म चाँडै आउँदैछु ।” आमिन, आउनुहोस्, हे प्रभु येशू ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि परमेश्वरका स्वर्गदूतहरु मध्ये केहीले पाप गरे र शक्तिशाली दुष्ट आत्माहरु भए, तिनीहरुलाई शैतान भनिन्छ । तिनीहरु परमेश्वरका र विश्वासीका शत्रुहरु हुन । त्यो दुष्ट(शैतान) तिनीहरुका अगुवा हो । यद्यपि परमेश्वरले तिनीहरुलाई तल नरकमा फाल्नुभयो, तिनीहरुले हरेकलाई पाप गर्न बहाकाउने छन र एउटा विश्वासीको विश्वासलाई नाश गर्न खोज्छन । अन्तको दिनमा येशू ख्रीष्टमा बिश्वास नगरिकन नै मर्नेहरु नरकको दण्डको भागि हुनेछन् । नरक अनन्त कष्ट र परमेश्वरबाट अलग हुने ठाउँ हो ।

**एफिसी ६:११,१२** दियाबलसका यूक्तिहरुका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हात हतियार धारण गर । किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुका विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टयाइँका आत्मिक सेनाहरुका विरुद्ध हो ।

**१ पत्रुस ५:८,९** सचेत रहो, जागा रहो, तिमीहरुको शत्रु दियाबलस कसलाई भेट्टाऊ र खाइहाँलू भनी गर्जने सिंह झैं खोजि हिँड्छ । विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरुका दाज्यू भाइहरुले पनि यस्तै कष्टको अनुभव गरिरहनु परेको छ ।

**यहूदा ६** आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरुलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिन सम्म अनन्त बन्धनमा राख्नु भएको छ ।

**मत्ती २५:४१** त्यस पछि उनले देब्रेपट्टिका मानिसहरुलाई भन्नेछन्, "श्रापित मानिस हो ! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरुका लागि तयार गरिएको अनन्तको आगोमा जाओ ।

**यशैया ६६:२४** अनि तिनीहरुले निस्केर मेरो विरुद्धमा बागी हुने मानिसहरुका मृत शरीरलाई हेर्नेछैन । तिनीहरुको किरा मर्नेछैन, तिनीहरुको आगो निभ्नेछैन, र तिनीहरु सबै मानिस-जातिका निम्ति घृणित हुनेछन ।

## महत्वपूर्ण विषय- विश्वासको सार

मानिसको समूहले जे विश्वास गर्छन र सिकाउँछन त्यो विश्वासको सार हो । ईसाइ संसारमा तीन वटा कथनहरु छन: प्रेरितको विश्वासको सार, नायसीनको विश्वासको सार र अथानेसियनको सार । यी बिश्वासका सारहरुको शिक्षा बाइबलबाट लिइएको हो । यी विश्वासको सारहरुले ईसाइहरुलाई झूटो शिक्षकहरु अलग गराउँछ ।

**१ पत्रुस ३:१५** तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर । तिमीहरुमा भएका आशाको विषय कसैले सोधपुछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर ।

**मत्ती १०:३२** "यसकारण हरेक जसले मानिसहरुका सामु मलाई स्वीकार गर्छ । म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु ।

**मत्ती १६:१३-१६** येशू कैसरिया फिलिप्पीको मुलुकमा आउनु भएपछि, उहाँले आफ्ना चेलाहरुलाई सोध्नुभयो, "मानिसहरुले मानिसको पुत्रलाई को हो भनी भन्छन ?" तिनीहरुले जवाफ दिए, "कसैले बप्तिस्मा दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा अगमवक्ताहरुमध्ये कुनै एक जना हुन भनी भन्छन ।" उहाँले तिनीहरुलाई सोध्नुभयो, "तिमीहरु के भन्छौ, म को हुँ ? सिमोन पत्रुसले जवाफ दिए, "तपाई ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र ।" येशूले तिनलाई भन्नुभयो, "योनाको छोरा सिमोन, तिमी धन्य हौ । किनभने मानिसबाट तिमीलाई यी प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नु भएको हो ।

**मत्ती ७:१५** "झूटा अगमवक्ताहरु देखि होशियार बस, जो तिमीहरु कहाँ भेडाको भेसमा आउँछन, तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरु जस्ता हुन्छन ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि जब ईसाइहरु वचनमा प्रकट गरिएको सिद्धान्तमा सहमत हुन्छन र स्वीकार गर्दछन् । तब मण्डलीको साँचो एकता हुन्छ । मण्डली र संस्थाका चलनहरु आवश्यक छैन । यस्ता कुराहरुमा नयाँ नियममा आज्ञाहरु दिइएको छैन । तिनीहरु जो विश्वासमा र सिद्धान्तमा एकहुन्छन, निीहरुले जस्तै: आराधनामा, प्रभुभोजमा, प्रार्थनामा र मण्डलीका कार्यमा सहभागी भएर तिनीहरुको एकता प्रकट गर्दछन् । तिनी ति सँगठन हरुसित सम्बन्ध राख्न सक्दैनौ जसले तृष्टिहरुलाई पनि अनुमती दिन्छन, सिकाउँदछन र तिनीहरुलाई संरक्षण गर्दछन ।

**एफिसी ४:३-६** शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्न प्रयत्न गर । शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ-जसरी तिमीहरु बोलाइदा एउटै आशामा बोलाइएका थियौ, जुन आज्ञा तिमीहरुको बोलावटसँग गभिएको छ-एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ ।

**हिब्रू १०:२३-२५** हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौ, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वास योग्य हुनुहुन्छ । हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौ । कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामी चाहिँ एकसाथ भेला हुन नछोडौ । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कालाई झन प्रोत्साहन देऊ ।

**रोमी १६:१७** भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि तिमीहरुलाई सिकाइएको धर्म-सिद्धान्तको विरुद्धमा फूट र बाधा-विघन सृष्टि गर्नेहरुलाई नजर राख, र तिनीहरुबाट अलग्गै बस ।

## धार्मिक शिक्षा

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि धार्मिक शिक्षा बाल-बालिकाहरुलाई सिकाउने कर्तव्य अभिभावक वा विशेष गरी बुवाहरुको हो । मण्डलीले अरु कुनै संघ संस्था वा स्कूल खोलेर इसाई सिद्दान्तहरु सिकाउन सहायता गर्न सक्छ । जवान र वयस्कहरुले आफ्नो व्यक्तिगत अध्ययन गर्नुपर्दछ र मण्डलीले स्थापना गरेको बाइबल कक्षाहरुमा अध्ययन गर्नु र पढनु पर्छ । हामीमा भएको विश्वास र बाल-बालिकाको विश्वासलाई बढाउन र बलियो पार्न चाहन्छौ । यस्तो वचनको अध्ययनले परिवारलाई, मण्डलीलाई र राष्ट्रलाई बलियो बनाउँछ ।

**मर्कूस १०:१४** तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरुलाई भन्नुभयो, "साना बाल-बालिकाहरुलाई मकहाँ आउन देओ, तिनीहरुलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरुको हो ।
**एफिसी ६:४** बाबु हो, आफ्ना छोराछोरीलाई रीस नउठाओ, तर तिनीहरुलाई प्रभुको अनुशासन र शिक्षामा हुर्काओ ।
**यूहन्ना २१:१५** जब तिनीहरुले खाइसके, तब येशूले सिमोन पत्रुसलाई भन्नुभयो, "यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरु भन्दा बढी प्रेम गर्दछौ ?" तिनले उहाँलाई भनी, ज्यू प्रभु, तपाई जान्नुहुन्छ, म तपाईलाई माया गर्छु ।" उहाँले तिनलाई भन्नुभयो, "मेरा पाठाहरुलाई खुवाऊ ।"
**प्रेरित १७:११** यहाँका थेसलोनिकेकाहरु भन्दा बढी भाला थिए । किनभने यिनीहरुले पूरा उत्सुकता साथ वचन ग्रहण गरे, र ती कुराहरु ठीकै त्यस्तै हुन कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबीन गर्थे ।
**यूहन्ना ५:३९** तिमीहरु धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवनन पाईन्छ भनी तिमीहरु ठान्छौ । मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन् ।
**हितोपदेश १४:३४** धार्मिकताले देशलाई उचाल्दछ, तर पाप गर्नु चाहिँ कुनै पनि जातिको लागि बेइज्जती हो ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि परमेश्वरले मण्डलीलाई मात्र होइन सरकारका सबै अधिकार, स्थापना गर्नु भएको हो । इसाईहरुले सरकारको आदेशको पालना गर्नु पर्दछ । तर यदि सरकारले परमेश्वरको आज्ञा विरुद्ध गर्न लगाउँछन भने हामी ति आज्ञाहरु पालन गर्न सक्दैनौ । परमेश्वरले सरकारलाई शान्ति सुव्यवस्था कायम राख्ने जिम्मेवारी दिनुहुन्छ ताकि त्यस देशको नागरिकहरुले शान्तिपूर्ण र ईश्वरीय जीवन जिउन सकून ।

**रोमी १३:१-५** हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधीनमा बसोस । परमेश्वरबाट आएको अधिकार बाहेक अरु कुनै अधिकार हुँदैन । जुन प्रशासकहरु छन, ती परमेश्वरबाटै नियुक्ति भएका हुन् । यसकारण प्रशासकहरुका विरुद्धमा खडा हुनेले परमेश्वरबाट नियुक्ति भएकाहरुको विरोध गर्छ, र जस-जसले विरोध गर्छन, तिनीहरुले दण्डको आज्ञा पाउनेछन्, किनभने सुकर्मको निम्ति होइन, तर कुकर्मको निम्ति शासकहरुको डर मानिन्छ । के तिमी प्रशासकको डरमा रहन चाहदैनौ ? त्यसो भए, असल काम गर र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछन । किनकि तिम्रो भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन् । तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन् । खराब काम गर्ने माथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन् । यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन । तर विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ ।

**प्रेरित ५:२९** तर पत्रुस र प्रेरितहरुले भने, "हामीले मानिसहरुको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ ।

**१ तिमोथी २:१,२** सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरुका निम्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ-बिन्ती र धन्यवाद चढाउन, राजाहरु र सबै उच्च पदमा भएकाहरुका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं ।

## गर्भपतन र आत्महत्या

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन कि मानव जीवन अनुग्रही परमेश्वरको वरदान हो । हाम्रो जीवन अनुग्रहको समय हो, जसमा हामीलाई येशूख्रीष्ट द्वारा उद्धारको बारेमा थाहा पाउने अवसर प्रप्त हुन्छ । उहाँले दिनु भएको जीवन फिर्ता लिने अधिकार परमेश्वरलाई मात्र छ । जीवन गर्भधारण बाट शुरु हुन्छ र शरीर आत्माले छोडे पछि समाप्त हुन्छ ।

**प्रेरित १७:२५-२७** उहाँले कुनै थोकको खाँचो परे जस्तो गरी मान्छेको हातबाट उहाँको सेवा हुनुपर्छ भनी नसोच्नुहोस । किनभने उहाँले नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ । उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो । तिनीहरुका निवासका अवधि र सीमा पनि तोकिदिनुभयो ।

**यशैया ५५:६** जब सम्म परमप्रभुलाई पाउन सक्छौ । उहाँलाई खोज । उहाँ नजिक हुनुहुँदा नै उहाँलाई भेट ।

**२कोरिन्थी ६:१,२** परमेश्वरका सहकर्मी भएका हुनाले हामी तिमीहरुलाई बिन्ती गर्छौं, कि उहाँको अनुग्रह व्यर्थ हुन नदेओ, किनकि उहाँ भन्नुहुन्छ, "ग्रहणयोग्य समयमा मैले तिम्रो पुकार सुने, र मुक्तिको दिनमा मैले तिमीलाई सहायता गरे ।" हेर, ग्रहणयोग्य समय अहिले हो, मुक्तिको दिन अहिले हो ।

**प्रस्थान २०:१३** हत्या नगर्नु ।

**भजनसंग्रह १३९:१३-१६** किनकि तपाई नै मेरा भित्रका अङ्ग-प्रत्यङ्ग बनाउनुभयो, तपाईले मलाई मेरो आमाको गर्भमा रच्नुभयो । म तपाईको प्रशंसा गर्छु, किनकि म भयानक र अदभूत छन्, र त्यो कुरा म पूर्ण रुपले जान्दछु । जब अदृश्यमा म बनिदैथिए, मेरो रचना तपाईबाट लुकेको थिएन । अनि जब म पृथ्वीको गहिराइमा रचिदैंथिए, तपाईका आँखाले मेरो नबनिएको शरीरलाई देखे । मेरो निम्ति नियुक्त गरिएको आयु तपाईको पुस्तकमा लेखिएको थियो । त्यसको एउटै कुरा पनि पूर्ण हुन अघि सब लेखिएका थिए ।

**यर्मिया १:५** "मैले तँलाई गर्भमा रच्नु भन्दा अघि नै तँलाई चिनिसकेका थिए, तँ जन्मन भन्दा अघि नै मैले तँलाई अलग गरे । मैले तँलाई जाति-जातिहरुका निम्ति एक अगमवक्ता नियुक्त गरे ।"

**भजनसंग्रह ३१:१५** मेरा समय तपाईको हातमा छन् मेरा शत्रुहरुका हातबाट र मलाई सताउनेहरुका हातबाट मलाई छुटाउनुहोस् ।

बाइबल र लुथरनहरुले हामीलाई सिकाउँछन् कि विवाह एक पुरुष र एक स्त्रीको एकता हो । विवाह एक प्रेमपूर्ण सम्बन्ध हो जसमा पुरुष मुख्य हुन्छ । विवाह परमेश्वरले स्थापना गर्नु भएको हो । यो पवित्र सम्बन्ध हो जसलाई तोडन सक्दिैन । एउटा विवाहित व्यक्तिले यदि बाइबलिय कारण विना सम्बन्ध विच्छेद गरेमा पाप गर्छ । जब कि व्यभिचार वा सम्बन्ध विच्छेद गर्नुको कारण बाहेक परमेश्वरको अगाडि सम्बन्ध विच्छेद अवैध हो । विवाहलाई हल्का र कम महत्वपूर्ण तरिकाले बिचार गर्नाले यसले परिवार मण्डली राष्ट्रलाई धेरै हानी पुऱ्याउँछ ।

**उत्पत्ति २:१८** फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, “मानिस एकलो रहन असल छैन । म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु ।”

**एफिसी ५:२४,२५** जसरी मण्डली ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरु पनि हरेक कुरामा पतिहरुका अधीनमा रहून् । पति हो, आफ्ना पत्नीहरुलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अपर्ण गर्नुभयो ।

**हिब्रू १३:४** सबैका बीचमा विवाह चाहिँ आदरणीय होस, वैवाहिक सम्बन्ध नबिटुलिओस्, किनकि दुराचारी र व्यभिचारीहरुको इन्साफ परमेश्वरले गर्नुहुन्छ ।

**मत्ती १९:९** म तिमीहरुलाई भन्दछु जसले व्यभिचारको कारण बाहेक । आफ्नी स्वास्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, अनि जसले त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्छ ।

**१ कोरिन्थी ७:१५** तर विश्वास नगर्ने चाहिँ छुट्टिन्छ भने छुट्टिओस् । यस्तो अवस्थामा त्यो ख्रीष्टियान पति अथवा पत्नी कुनै बन्धनमा रहनेछैन । किनभने परमेश्वरले हामीलाई शान्तिमा रहन बोलाउनुभएको हो ।

**भजनसंग्रह ५१:१०**

हे परमेश्वर, ममा शुद्ध हृदय सृजनुहोस् र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस् ।

Multi-Language
Productions
Bringing the Word to the World

कपिराईट © १९९७,२००९ नेपल बाइबल सोायिटीको अनमतिले प्रयोग गरिएको हो ।

नेपालमा प्रकाशित २०१०

**What the Bible and Lutherans Teach-Nepali**
**MLP Catalog Number: 385145**